औरही नगरपालिका
Aurahi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
औरही, मोहत्तरी, नेपाल
Aurahi, Mohattari, Nepal
मधेश प्रदेश
Madhesh Pradesh

मितिः२०८१/०४/२९

## बजार ठेक्का सम्बन्धी खुल्ला डाकबढाबढको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१/०४/२९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमको सार्वजनिक बजारहरुमा उत्पादन गरी विक्री वितरण गर्ने प्रयोजनको लागि आ.व. २०८१/८२ को मिति २०८२/०३/३१ गते सम्मका लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि रित पूर्वकको खुल्ला डाकवढाबढको पुन: ७ (सात) दिने सूचना आह्वान गरिएको व्यहोरा अनुरोध छ ।

| क्र.म. | बजारको नाम | वडा नं. | ठेक्का अवधि | ठेक्काको न्युनतमा मूल्य | इज्जातपत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्रीपुर धर्मशाला निरको बजार | ५ | २०८२/०३/३१ | २,००,०००।- | १,०००।- | १०,०००।- | |

| क्र.म. | खुल्ला डाकबढाबढ सहभागी इजाजतपत्र फारम खरिद अन्तिम मिति | खुल्ला डाकबढाबढ सहभागी इजाजतपत्र दिने अन्तिम मिति | खुल्ला डाकबढाबढ हुने मिति र समय | खुल्ला डाकबढाबढ हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८१/०५/०३ | २०८१/०५/०५ | मिति २०८१/०५/०६ गते बिहीबारको दिन बिहानको १० बजे | ५ नं. को वडा कार्यालय | श्रीपुर धर्मशाला निरको बजार |

शर्तहरु

१. वजार ठेक्काको लागि खुल्ला डाकबढाबढमा सहभागि हुन चाहने इच्छुक व्यक्तिले लिखित निवेदन पत्रसाथ आफ्नो नागरिकता प्रमाण पत्र र पान पत्रको प्रतिलिपि तथा फर्म वा कम्पनीले फर्मको प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०८१/८२ को लागि नविकरण भएको इजाजतपत्र, मूल्य अभिवृधिकर स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र, आ.व. २०७९/८० को कर चुक्त प्रमाण पत्रको प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशित मितिले ७ औं दिन सम्म कार्यालय समयभित्र उल्लेखित खुल्ला डाकबढाबढ सहभागी दस्तुर रु १,०००।– (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व शाखाबाट खुल्ला डाकबढाबढ फारम खरिद गर्न सकिनेछ।

२. खरिद गरिएका खुल्ला डाकबढाबढ इजाजत फारम खरिद गरिसके पछि सम्वन्धित वजारको न्यूनतम मूल्यको ५ प्रतिशत धरौटी रकम यस नगरपालिकाको धरौटी खातामा जम्मा गरी खुल्ला डाकबढाबढ इजाजतपत्र लिई मात्र सम्वन्धित व्यक्ति/फर्मलाई डाकबढाबढ प्रक्रियामा सहभागी गराइनेछ। डाकबढाबढ हुने स्थानमा न्यूनतम मूल्य भन्दा बढी डाक गर्दा सोको ५ प्रतिशत रकम सोही स्थानमा यस नगरपालिकाबाट खटाइएको कर्मचारीलाई उक्त रकम बुझाइ नगदी रसिद सहित लिनु पर्नेछ। उक्त रकम बुझाए पछि मात्र डाकबढाबढ प्रक्रियामा सहभागी गराइनेछ।

३. खुल्ला डाकबढाबढ सहभागी इजाजतपत्र फारम खरिद अन्तिम मिति र खुल्ला डाकबढाबढ सहभागी इजाजतपत्र दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट अथार्त कार्यालय खुलेको दिन सोही समयमा दर्ता गर्ने कार्य गरिनेछ।

४. खुल्ला डाकबढाबढ सहभागी इजाजतपत्र फारम खरिद गर्दा सम्वन्धित व्यक्ति/फर्मले निवेदन साथ आवश्यक कागजातसहित यस नगरपालिकाको राजश्व शाखा वा यस नगरपालिकाको आन्तरिक राजश्व खाता Citizen International Bank को खाता नं ०६६०१००००००१२०२ मा रकम रु १,०००।– (पछि फिर्ता नहुने गरी) जम्मा गरि लिनु पर्नेछ र खुल्ला डाकबढाबढ सहभागी इजाजतपत्र लिन यस नगरपालिकाको आन्तरिक धरौटी खाता Citizen International Bank को खाता नं. ०६६०१०००००१२४२०१ मा सम्वन्धित वजारको ठेक्काको न्यूनतम मूल्यको ५ प्रतिशत (पछि फिर्ता हुने गरी) जम्मा गरि लिनु पर्नेछ।

५. प्रत्येक वजारको लागि छुट्टाछुट्टै खुल्ला डाकबढाबढ सहभागी इजाजतपत्र फारम र खुल्ला डाकबढाबढ सहभागी इजाजतपत्र लिनु पर्नेछ। खुल्ला डाकबढाबढ सहभागी इजाजतपत्र फारम लिदा वा खुल्ला डाकबढाबढ सहभागी इजाजतपत्र लिदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी वा म्याद नाघी आएकोमा कुनै कारवाही हुने छैन।।

६. नेपाल सरकार र औरही नगरपालिकाको कार्यालयबाट समय समयमा दिइने निर्देशनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ। सो पालनाको कारणबाट क्षति वा घाटा भएको भनी क्षतिपूर्ति वा मिनहा वा छुट केही पनि प्राप्त हुने छैन्।

७. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी वा नगदी जिन्सी बुझाउन बाँकी रहेको तथा यस कार्यालयको म.ल.प. प्रतिवेदनमा बेरुजू भएमा वा

कुनै किसिमको संघ, प्रदेश तथा स्थानीय सरकारसँग बाँकी वक्यौता भएको भए सम्झौता गर्नु पूर्व फर्छ्यौट गर्नु पर्नेछ अन्यथा व्यक्ति/फर्मले ठेक्का लिन पाउने छैन र त्यस्तो व्यक्ति/फर्मसँग सम्झौता गर्न कार्यालयलाई बाध्य हुने छैन् । कुनै कारणवश त्यस्ता व्यक्ति/फर्मले ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आएमा ठेक्का बदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

८. ठेक्का स्वीकृत भई ठेक्का सम्झौताको लागि आउदाँ ठेक्का रकम बुझाई आउनु पर्नेछ।

९. यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा नेपाल सरकार, प्रदेश सरकार र औरही नगरपालिकाको प्रचलित नियम बमोजिम हुनेछ।ठेकेदारले यस नगरपालिकाको प्रत्यक्ष निति निर्देशनमा रही कामकाज गर्नु पर्नेछ।नगरपालिका वा सार्वजनिक हित विपरित कुनै पनि कार्य गर्न गराउन ठेकेदारले पाउने छैन।

१०. सम्झौता विपरित कार्य गरेमा जुनसुकै बखत नगरपालिकाको कार्यालयले एक तर्फी सम्झौता भंग गरी वैकल्पिक व्यवस्था गर्न सक्नेछ।

११. नगरपालिकाको कारणबाट कुनै वा सम्पूर्ण अवधिको लागि ठेक्का रद्द गर्नु परेमा सोको पूर्व जानकारी दिइनेछ। उक्त अवधिको क्षतिपूर्तिको लागि नगरपालिकाको निर्णय अन्तिम हुनेछ। ठेक्का सम्बन्धि अन्य व्यवस्था नगरपालिकाको निर्णय बमोजिम हुनेछ।प्राप्त प्रस्तावहरु कुनै पनि कारण जनाई वा सम्पूर्ण वा आंशिक रुपमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

निलाम्बर मिश्र

नि प्रमुख प्रशासकीय अधिकृत